नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)


पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ४०२

मितिः- २०८०/१२/२७

श्री ईलाम जिल्ला क्षेत्र नं. २ अन्तर्गतका, ईलाम न.पा., देउमाई न.पा., माई न.पा., फाकफोकथुम गा.पा., माङ्सेबुङ गा.पा., चुलाचुली गा.पा. ।

श्री बझाङ जिल्ला क्षेत्र नं. १ (क) अन्तर्गतका जयपृथ्वी न.पा., साईपाल गा.पा., सुर्मा गा.पा., तलकोट गा.पा., छबिस पाथिभेरा गा.पा., मस्टा गा.पा., खसडछान्ना गा.पा., थलारा गा.पा., ।

विषय :- २०८१ वैशाख १५ मा हुने उपनिर्वाचनका लागि मतदाता शिक्षा कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको च.नं. ३५ मिति २०८०/१२/२२ को २०८१ वैशाख १५ मा हुने उपनिर्वाचनका लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी पत्र थान १ (एक) आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१२/२६

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थ :

श्री निर्वाचन आयोग, नेपाल ।

श्री जिल्ला समन्वय समिति ईलाम र बझाङः आवश्यक सहजीकरण हुन ।

श्री सूचना प्रविधि शाखा : ईलाम र बझाङ जिल्ला अन्तर्गतका उल्लिखित स्थानीय तहको ईमेलमा पठाउनुको साथै यस मन्त्रालयको website मा समेत Upload गरिदिनु हुन।

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

श्री संघीय मामिला

प.सं. च.नं./ Ref:

२०८०/८१/ ३५

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४००१
दर्ता मितिः- २०८०।१२।२३

मितिः२०८०/१२/२२

**विषयः सम्बत २०८१ वैशाख १५ मा हुने उपनिर्वाचनका लागि मतदाता शिक्षा कार्यक्रम सम्बन्धमा ।**

**प्रिय सहकारीज्यू**

इलाम जिल्ला प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं. २ र बझाङ जिल्ला प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं. १ को प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं. १ मा सम्बत २०८१ वैशाख १५ गते हुन गई रहेको उपनिर्वाचनमा निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि उक्त निर्वाचन क्षेत्रभित्रका स्थानीय तहका वडाहरूमा मतदाता शिक्षा स्वयंसेवक परिचालन गर्ने गरी आयोगबाट मिति २०८०।१२।२२ मा निर्णय भएको हुँदा आयोगको निर्णय बमोजिम सम्बन्धित स्थानीय तहका वडाहरूमा कार्यक्रम सञ्चालन गर्न गराउन निम्न बमोजिमको व्यवस्था हुनका लागि सम्बन्धित स्थानीय तहलाई आवश्यक समन्वय गरिदिनु हुन अनुरोध गर्दछु ।

१. आगामी वैशाख १५ गते इलाम र बझाङ जिल्लामा हुन गइरहेको उपनिर्वाचनको निर्वाचन क्षेत्र भित्र रहेका सम्बन्धित स्थानीय तहका वडाहरूमा मतपत्रमा छाप लगाउने सही तरिका सम्बन्धी जानकारी गराउन सम्बत २०८१ साल वैशाख ५ गते देखि ११ गते सम्म प्रत्येक वडामा २ जनाका दरले मतदाता शिक्षा स्वयंसेवकहरू परिचालन गर्ने ।
२. वडा तहमा परिचालन हुने मतदाता शिक्षा स्वयंसेवकहरूका लागि स्थानीय तहमा सम्बत २०८१ वैशाख २ र ३ गते सम्बन्धित जिल्ला निर्वाचन कार्यालयले अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
३. आयोगबाट स्वीकृत मतदाता शिक्षा निर्देशिका, २०७९ बमोजिम स्थानीय तहका वडाहरूमा निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न खटिने मतदाता शिक्षा स्वयंसेवकहरूलाई सम्बन्धित स्थानीय तहको स्रोतबाट खर्च व्यहोर्ने गरी प्रतिव्यक्ति प्रतिदिन रु १०००।- का दरले जम्मा रु ७०००।- पारिश्रमिक उपलब्ध गराउने ।
४. उल्लेखित मतदाता शिक्षा कार्यक्रमको समन्वय र अनुगमनका लागि स्थानीय तहमा भएका निर्वाचन सम्पर्क व्यक्तिहरूलाई अनुगमन अधिकृतका रुपमा खटाउने ।

   निर्वाचन सम्पर्क व्यक्तिहरूका लागि अनुगमन खर्च वापत प्रति व्यक्ति एकमुष्ट रु ५०००।- आयोगबाट जिल्ला निर्वाचन कार्यालय मार्फत उपलब्ध हुने तथा मतदाता शिक्षा स्वयंसेवकहरूका लागि आयोगबाट सहयोगी पुस्तिका, नमूना मतपत्र र मतपत्रमा छाप लगाउने सही तरिका सम्बन्धी पोष्टर सम्बन्धित जिल्ला निर्वाचन कार्यालय मार्फत उपलब्ध हुने ।

श्री सचिव,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
९३४९
०८०।१२।२३

.................
(रविलाल पन्थ)
सचिव


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np